मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



50% DISCOUNT OFFER
AFTER SEE
देशको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दै
Bridge Course
Course Fee= 25,000/- → 12,500/-
➲ Science Bridge Course
➲ Nursing
➲ HA, Radiology
➲ Civil, Lab, Pharmacy
➲ JTA, Veterinary
Book/Uniform FREE
For Basic Computer Course Fee
6,000/- → 3,000/-
NAME INSTITUTE CONSULTANCY
2nd Floor, RB Complex School Road, Hetauda-4
057-524117, 9855024117, 9801424117

● वर्ष ३ ● अंक १२८ ● २०८१ साल चैत्र ०९ गते शनिबार ● Saturday 22, March 2025 ● सूर्योदयः बिहान ६:०७ बजे ● सूर्यास्तः साँझ ६:१७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## प्रोटोकल मिचेर मुख्यमन्त्री पुगे उत्तर प्रदेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नै मन्त्रीहरुलाई समेत थाहा नदिई केही सहयोगी लिएर भारत पुगेको खुलासा भएको छ । सिंहले भारत, उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग भेटेका छन् । योगी आदित्यनाथसँग भेटघाटबारे मन्त्रिमण्डलका सदस्यहरुलाई समेत कुनै जानकारी दिइएको छैन । प्रदेश सरकारका मन्त्रीहरुले समेत मुख्यमन्त्री सिंह भारत पुगेको सिंहले नै सार्वजनिक गरेको तस्बिरबाट मात्रै थाहा पाएका थिए ।



सिंह लुम्बिनी प्रदेशको भैरहवा हुँदै भारत पुगेका थिए । उनीसँग पूर्वसांसद अभिषेश प्रताप शाहसमेत साथमा थिए । सिंहले उत्तर प्रदेशको बलरामपुरस्थित देवी पाटेश्वरी मन्दिरमा योगीसँग भेटेका थिए । मुख्यमन्त्री योगी त्यहाँ पूजा गर्न आउने थाहा पाएपछि मुख्यमन्त्री सिंह भेटघाटको तारतम्य मिलाएका थिए तर यस विषयमा आफ्नो मन्त्रिपरिषद्का सदस्यहरुसँग समेत छलफल गरेका थिएनन् । विगतमा प्रदेश र देश बाहिर जाँदा मुख्यमन्त्री सिंहले कार्यबाहकसमेतको कुनै मन्त्रीलाई जिम्मेवारी तोक्ने गरे पनि यसपटक उनी योसमेत नतोकी मन्त्रिपरिषद्का सदस्यलाई समेत कुनै जानकारी नदिएर प्रोटोकल मिचेर एक्कासि भारत पुगेका हुन् ।

मधेश प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री एवम् नेकपा एमालेको संसदीय दलका नेता सरोजकुमार यादवले मुख्यमन्त्री योगी आदित्यनाथसँग भेटेको तस्बिर सार्वजनिक भएपछि मात्रै थाहा पाएको बताए । उनले आफूहरुसँग कुनै सल्लाहसमेत नगरेकाले यस विषयमा केही जानकारीसमेत नरहेको बताए ।

मन्त्रिपरिषद्मा मुख्यमन्त्री सिंहले उत्तर प्रदेशका मुख्यमन्त्रीसँग भेटघाट गर्ने वा भ्रमणबारे कुनै जानकारी नगराएको मधेश प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवले बताए ।

मख्यमन्त्री सिंह परराष्ट्र मन्त्रालयको समन्वयबिना नै एकपटक भारत, झारखण्डस्थित वैद्यनाथ धाम र भारतको अयोध्यासम्म पुगेका थिए । योगी आदित्यनाथसँग भेट गरेको फोटो उनको टोलीमा सहभागी रहेकाहरुले सार्वजनिक गरिदिएपछि उत्तरप्रदेश सरकारको आधिकारिक वेबसाइटमा समेत राखिएको छैन । मधेश प्रदेश सभाको बैठकमा समेत मुख्यमन्त्री सिंहको यस कार्यको आलोचना गरिएको छ ।

प्रदेश सभा सदस्य किरणकुमारी साहले मुख्यमन्त्री सिंहले बिनाकुनै जानकारी र परराष्ट्रको समन्वयबिना गएकाले यो कुटनीतिक मर्यादा (प्रोटोकल) विपरीत रहेको र सरकारले नै मर्यादा नराख्दा कसले राख्ने भन्दै प्रश्न गरिन् । सिंहले पटकपटक धार्मिक यात्राको नाम दिएर विदेश नीतिविरुद्ध काम गरेको कानुनविद्हरु बताउँछन् । नेपालको संविधानमा विदेश भ्रमणसम्बन्धी व्यवस्था गरिएको छ । द्विपक्षीय वा बहुपक्षीय बैठक, वार्ता वा नेपाल सदस्य भएका उपक्षेत्रीय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय संगठनको वार्षिक वा आवधिक अधिवेशन वा नेपालको प्रतिनिधित्व गर्नु पर्ने कुटनीतिक भ्रमण वा बैठक वा सभा, सम्मेलनमा प्रस्तुत हुने विषयमा परराष्ट्र मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ ।

## ठाकुररामममा मतगणनामा सहमति

**मधेशदृष्टि**
**वीरगंज ।**

ठाकुरराम बहुमुखी क्याम्पसमा रोकिएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को मतगणना शुरु हुने भएको छ । शुक्रबार साँझ जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको बैठकले बिहीबारदेखि स्थगित मतगणना नरोकी तत्काल नतिजाका लागि गणना गर्ने सहमति भएको हो ।



छलफलमा मतगणना कार्य अगाडि बढाउने सहमति भएको पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए । उनले भने, 'विवाद अन्त्य गरेर मतगणना शुरु गर्ने सहमति भएको छ, शनिबार बिदा परेकाले नगर्ने कि भन्ने छ, सहमति जुटे शनिबार नत्र आइतबार मतगणना शुरु हुने छ ।' बैठकमा मतगणनामा देखिएको विवाद सामान्य मानवीय त्रुटि भएको विषयमा सबै सहमत भएर गण्ना शुरु गर्न एक भएका थिए । 'नयाँ ढंगबाट मतगणना शुरु गर्ने निर्णय भएको छ,' उनले भने, अब गण्नामा कुनै विवाद हुने छैन ।' मतपेटिकाको सिल नम्बरमा मेल नखाएपछि निर्वाचन समितिले मतगणना कार्य सूचना जारी गर्दै स्थगन गरेको थियो ।

यसअघि ठाकुरराम बहुमुखी क्याम्पसमा रोकिएको मतगणना तत्काल सुचारु गर्न माग गर्दै विद्यार्थीले शान्तिपूर्ण प्रदर्शन गरेका थिए । मतगणना रोकिएपछि विद्यार्थीहरुले टायर बालेर प्रदर्शन गरेका थिए । सिलबन्दी नम्बर मेल नखाएपछि उत्पन्न विवादका कारण वीरगंजको ठाकुरराम बहुमुखी क्याम्पसको मतगणना रोकिएको थियो । जारी स्ववियु निर्वाचनको मतगणना बिहीबार दिउँसो २ बजेपछि अवरुद्ध भएको निर्वाचन समितिको कार्यालयले जनाएको थियो ।

विद्यार्थीहरुले शुक्रबार क्याम्पसअगाडि नाराबाजी गर्दै शान्तिपूर्ण प्रदर्शन गरेका थिए ।

उनीहरुले मतगणनामा देखिएको समस्या समाधान गरी तत्काल मतगणना सुचारु गर्न दबाब दिएका थिए । विद्यार्थीले क्याम्पस प्रशासन र निर्वाचन समितिलाई समस्या समाधान गरी तत्काल मतगणना सुचारु गर्न आग्रह गरेका थिए ।

## प्रधानमन्त्री बन्दिनँ तर जनतासँगै हुन्छुः प्रचण्ड




**मधेशदृष्टि**
**वीरगंज ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्डले आफू प्रधानमन्त्री नबन्ने दाबी गरेका छन् । नेकपा माओवादी केन्द्रको तराई मधेश जागरण अभियानअन्र्तगत शुक्रबार वीरगंजमा आयोजित नागरिक संवाद कार्यक्रममा उनले आफू २०८४ सालसम्म जनतासँगै रहने स्पष्ट पारे ।

मुलुकमा बेथिति, भ्रष्टाचार र अराजकता मत्रै बढाउने काम वर्तमान सरकारले गरेको उनको तर्क छ ।

आफूनेतृत्वको सरकारले भ्रष्टाचारविरुद्ध सशक्त अभियान चलाएको हुँदा सरकारबाट बाहिर जान बाध्य पारेको उनको दाबी थियो । मधेशका जनतालाई अपमानित गर्ने उद्देश्यले राजामहाराजाले अनेक रणनीति बनाएको उनले बताए । सबैभन्दा बढी विभेदमा परेका वर्गसँग माओवादीको सम्बन्ध बलियो बनाएर मात्रै देशमा स्थिरता र विकासको आधार बनाउन सकिने उनको तर्क थियो ।

भौतिक विकासका दृष्टिले मात्रै नभएर शिक्षा, स्वास्थ्य तथा समग्र मानव विकास सुचाङ्कमा पनि मधेश पछाडि परेकामा चिन्ता व्यक्त गर्दै उनले मधेशबारे नयाँ ढंगले सोच्नुपर्ने आवश्यकता रहेको बताए ।

तराई मधेशमा सिँचाई उपलब्ध गराउनेदेखि कृषि र उत्पादनलाई प्रमुख प्राथमिकतामा राखेर काम गरेको उनको दाबी छ । यसअघि तीनपटक प्रधानमन्त्री हुँदा मधेशका लागि धेरै काम गरिएको उनले बताए । आफ्नो पार्टी सरकारमा भएका बेला ल्याएका नीति, कार्यक्रम र बजेट हेर्न तथा अहिलेको सरकारसँग तुलना गर्न उनले अनुरोध गरे । सामाजिक न्याय र सुशासन मूलमन्त्र बनाएर पार्टीले काम गरिरहेको उनले बताए ।

आफू प्रधानमन्त्री भएका बेला जो सुकै भए पनि भ्रष्टाचारका पक्षमा कसैलाई नछोडेको स्मरण गर्दै प्रधानमन्त्री र गृहमन्त्री भएको पार्टीले आफ्नै पार्टीका नेतालाई हिरासतमा लिने र अनुसन्धान गर्ने कार्य गरेको उनले सुनाए ।

पर्साको बिन्दबासिनी गाउँपालिकास्थित बहुअर्वा भाठामा पनि नेकपा माओवादी केन्द्रको खबरदारी सभा भएको छ । खबरदारी सभामा पर्साको ठोरी गाउँपालिकामा पुगेका प्रचण्डसहितको टोलीलाई बाजागाजासहित स्वागत गरिएको थियो । ठोरीमा आयोजित कार्यक्रमपछि प्रचण्ड नेतृत्वको टोली माडी हुँदै चितवन गएको छ ।

## वडाध्यक्ष कुटपिटमा सात जनाविरुद्ध जाहेरी

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका–२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीमाथि कुटपिट गर्ने सात जनाविरुद्ध ज्यान मार्ने उद्योगमा जाहेरी दर्ता भएको छ । उनीहरुविरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दर्ता भएको हो । प्रहरीका वरिष्ठ सई सागर शमशेर जबरा, विपद व्यवस्थापन केन्द्रमा कार्यरत प्रहरी जवान दिपेश क्षेत्री, वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानु, नेपाल पत्रकार महासंघका उपाध्यक्ष भुषण यादव, माइस्थान पुल हाउसका सञ्चालक विक्की गुप्ता, नगवाका भुसाल चौरसिया र घडिअर्वाका लखन गुप्ताविरुद्ध जाहेरी दर्ता भएको हो ।

उनीहरुविरुद्ध ज्यान मार्ने उद्योगमा उजुरी दर्ता भएको पर्सा प्रहरी प्रमुख एसपी गौतम मिश्रले जानकारी दिए । उनीहरुलाई पक्राउ गरेर कारबाही अघि बढाइने एसपी मिश्रले बताए । उजुरी दर्ता भएकामा आरोपितहरुले फागुन २९ गते होलीका दिन पानीट्याङ्कीस्थित डायमन्ड पार्टी प्यालेसमा निमन्त्रणा मान्न गएका वीरगंज महानगरपालिका–२५ का वडाअध्यक्ष आशुतोष चतुर्वेदीलाई निर्घात कुटेका गरेका थिए । वडाअध्यक्ष चतुर्वेदीका अनुसार प्रहरीले जाहेरी लिन अस्वीकार गरेको थियो ।

वडाध्यक्षमाथि प्रहरी र अन्य मिलेर निर्घात कुटपिट गरेको सिसिटिभि बाहिरिएपछि वरिष्ठ सई सागर शमशेर जबरासहित सबैमाथि जाहेरी दर्ता भएको हो । जबराले आफू मदिराले मातेको समयमा घटना भएको र गल्ती भएको स्वीकार गरेका छन् ।

## स्थानीय तहका स्वास्थ्यकर्मीद्वारा प्रदेश सभाअगाडि धर्ना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशको स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीले प्रदेश सभाअगाडि धर्ना दिएका छन् । शुक्रबार जनकपुरधामस्थित प्रदेश सभाअगाडि प्रदेशमा रहेका १ सय ३६ स्थानीय तहका स्वास्थ्यकर्मीले विभिन्न ३ वटा माग राख्दै धर्ना दिएका हुन् ।

सिनियर अहेब, सिनियर अनमी पाँचौँ तह संघर्ष समितिले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा त्रुटि रहेको भन्दै प्रदेश सभाअगाडि धर्ना दिएका हुन् ।

संघर्ष समितिले स्वास्थ्य सेवामा प्रथम प्रवेशबिन्दु चौथो तह भएकाले खुलाबाट शतप्रतिशत पदपूर्ति हुनुपर्ने, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा २९ को उपदफा २ मा तालिकाको तल लेखिएको बाध्यात्मक वाक्यांश हटाउनुपर्ने, विगतदेखि पाउँदै आइरहेको २ तह स्तरवृद्धि पाउनुपर्ने माग राख्दै सभामुख रामचन्द्र मण्डललाई ज्ञापनपत्रसमेत बुझाएको छ ।

संघर्ष समितिका संयोजक मोहन साहले आफूहरुले पटकपटक मुख्यमन्त्री र प्रदेशका सबै मन्त्रीलाई ऐन संशोधन गर्न आग्रह गरे पनि उनीहरुले यसमा ध्यान नदिएपछि प्रदेश सभाअगाडि धर्ना दिन आएको बताए । संघर्ष समितिले माग पूरा नभए चैत १६ गतेदेखि प्रदेश सभा र मुख्यमन्त्री कार्यालयअगाडि अनिश्चितकालीन धर्ना दिने जनाएको छ ।

## मोर्चाको नाम फेरे जयकृष्ण गोइतले

**मधेशदृष्टि**
**राजविराज ।**

विगत दुई दशकदेखि भूमिगत भएर सशस्त्र आन्दोलन चलाइरहेका जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) को नाम परिवर्तन भएको छ । शुक्रबार गोइतले प्रेस विज्ञप्ति जारी गर्दै मोर्चाको नयाँ नाम 'फ्रि ल्याण्ड लिबरेसन फ्रन्ट' राखिएको जनाएका छन् ।

उनीद्वारा जारी विज्ञप्तिमा क्रान्तिकारी राजनीतिक संगठनलाई अब नयाँ नाममा लेख्न र बोल्न सकिने भन्दै नयाँ नामाकरण गरिएको उल्लेख छ । 'सन् १९५० का भारत–नेपाल तथा ब्रिटेन नेपालबीच काठमाडौँमा सम्पन्न दुवै सन्धीको धारा ८ को आधारमा मातृभूमिको वस्तुस्थिति एउटा 'स्वतन्त्र भूमि' भएको बताइएको छ । प्रकारान्तरले मातृभूमि स्वतन्त्र राष्ट्र राज्य भएको र स्वतन्त्र राष्ट्र राज्य भए पनि यस भूमिमाथि नेपाली शासकले बलपूर्वक औपनिवेशिक नश्लीय शासन गर्दै आएकाले २०६१ साउन १० गतेदेखि स्वतन्त्र भूमि 'फ्रि ल्याण्ड' मुक्तिका निम्ति बलिदानीपूर्ण संघर्ष गर्दै आएको विज्ञप्तिमा उल्लेख छ ।

सम्पादकीय

# दलितको घर भत्काइएको विषयमा राजनीतिक बहस

सिरहाको औरही गाउँपालिका–५ का दीपक मरिक (डोम) को घर भत्काइएको घटनाले राष्ट्रिय चर्चा पाएको छ । यो विषय केन्द्र सरकारको राष्ट्रिय सभा, प्रतिनिधि सभा र मधेश प्रदेश सभामा पनि जोडतोडका साथ उठेको छ । नागरिकसमाजका अनेक संघसंस्थाले यो विभेदपूर्ण घटनामा प्रतिक्रिया दिएका छन् । दोषीलाई कारबाही माग भएको छ । समन्यायिक समाज नेपालका अध्यक्ष अध्यक्ष भक्त विश्वकर्माले शुक्रबार विज्ञप्ति जारी गर्दै महायज्ञ गर्ने भन्दै स्थानीय दलित समुदायका मरिकको घर भत्काइएको घटनाप्रति दुःख व्यक्त गर्दै दोषीलाई कारबाही गर्न माग गरेका छन् । यो मात्रै होइन कारबाही माग गर्नेमा सांसदहरु छन्, संघसंस्था छन् । दीपक मरिकको विषय मधेशदृष्टि दैनिकले उठाएकै दिनबाट भएको बहस राष्ट्रिय बनेको छ । सिंगो देश अहिले दीपक मरिकलाई न्याय र पालिका अध्यष शिवजी यादवसहित मतियारलाई कारबाहीका विषयमा केन्द्रित छ । जातीय भेदभाव तथा छुवाछुत कसुर तथा सजाय ऐन, २०६८ तथा अन्य कानुनी प्रावधान कडाइपूर्वक कार्यान्वयन गरी दोषीमाथि कडा कारबाही र पीडितलाई न्याय दिन सरकारसमक्ष नागरिक समाजले माग गरेको छ ।

चैत १७ गतेदेखि शुरु गर्न लागिएको विष्णु महायज्ञका लागि दीपक मरिक (डोम) को घर भत्काइएको हो । जसकारण पीडित परिवार विस्थापित भएको छ । पीडित परिवारको भनाइअनुसार दलित भएकै कारण डोम समुदायको घर भएको स्थानको माटोसमेत खनेर फालिएको समाचार हामीले प्रकाशन गरेका थियौँ । महायज्ञ सञ्चालन गरिरहेका बजरङ्गी बाबाले दलित परिवार त्यहाँ रहे महायज्ञ नहुने भनी अडान लिएपछि स्थानीय पालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवको मिलेमतोमा घर भत्काइएको हो । नेपाल छुवाछुतमुक्त घोषणा भएको १८ वर्ष बितिसकेको छ । नेपालको संविधान र कानूनले दण्डनीय अपराधका रूपमा किटान गरिसकेको अवस्थामा पनि जनप्रतिनिधिसमेत संलग्न भई विभेद गरी उठिबास लगाउने कार्य हुनु जघन्य अपराध हो । दैनिक रूपमा दलित समुदाय जातीय छुवाछुत र विभेदको सिकार बनिरहेका उदाहरण बाहिर आइरहेका छन् । समाजको चेतना अझै निम्छरो नै देखिएको छ ।

लगातार पीडित अन्याय सहन बाध्य छन् । सबैलाई धर्म मान्ने अधिकार छ तर धर्मका नाममा उठिबास लगाउनु निन्दनीय एव दण्डनीय विषय हो । नेपालको संविधान, जातीय भेदभाव तथा छुवाछुत कसुर तथा सजाय ऐन, २०६८ तथा अन्य कानुनी प्रावधान कडाइपूर्वक कार्यान्वयन नहुँदा अल्पसंख्यक, दलितहरु यसरी नै अन्यायमा परिरहेका छन् । अझ मधेशमा यस्ता घटना स्थानीय सरकारको नेतृत्वमा भएकाले कानूनको धज्जी उडेको छ । दोषीमाथि कारबाही गर्ने बहानामा शुक्रबार सिरहाका प्रमुख जिल्ला अधिकारी काठमाडौँ तानिएका छन् । त्यहाँ अन्य जिल्लाबाट प्रमुख जिल्ला अधिकारी परिचालन गरिएको छ । राष्ट्रिय राजनीतिमा प्रतिपक्षीलाई गरम मसला बनेको विषय त छदैँछ । साँच्चै पालिका अध्यक्ष, पूर्व वडाध्यक्ष र बाबामाथि कारबाही हुन्छ कि सिडिओ सरुवामा सीमित रहन्छ, प्रतीक्षाको विषय बनेको छ ।

# ढल्केबर–बारा प्रसारण लाइन निर्माण

देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल–भारतबीचको विद्युत् व्यापार विस्तारका लागि निर्माणाधीन
हेटौँडा–ढल्केबर–इनरुवा ४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत
ढल्केबर–बारा खण्ड निर्माण सम्पन्न भएको छ । धनुषाको ढल्केबर सबस्टेसनदेखि पश्चिमतर्फ पर्ने महोत्तरी, सर्लाही, रौतहट हुँदै बारा र मकवानपुरको सिमानामा पर्ने सरस्वती डाँडासम्मको १०० किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो । धनुषाको ढल्केबरबाट पूर्वतर्फ पर्ने सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–४ स्थित इनरुवा सबस्टेसम्मको १५४ किलोमिटर ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण निर्माणसम्पन्न भई गत असारदेखि सञ्चालनमा आइसकेको छ।

ढल्केबरबाट पश्चिमतर्फको विद्युत् प्रवाहलाई थप सहज बनाउन रौतहटको चन्द्रनिगाहपुर (चपुर) बजार नजिक रहेको जङ्गलसम्मको करिब ६० किलोमिटर ४०० केभी प्रसारण लाइनको एउटा सर्किटलाई १३२ केभीमा सञ्चालनमा (चार्ज) ल्याइएको छ । हाल चालु रहेको पूर्व–पश्चिम १३२ केभी प्रसारण लाइनलाई उक्त स्थानमा ‘ट्यापिङ’ गरी बिहीबार नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको उपस्थितिमा ४०० केभी प्रसारण लाइनलाई १३२ केभीमा चार्ज गरिएको हो । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ढल्केबरबाट पश्चिमतर्फ र पश्चिमबाट ढल्केबरतर्फ विद्युत् पठाउन हाल रहेको पूर्वाधार संरचनाको बाधा हटाउन निर्माण सम्पन्न भएको ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएको बताए । ‘हिउँदयाममा हाल देखिएको ऊर्जा अभावलाई समाधान गर्न
ढल्केबर–मुजफ्फरपुर
अन्तरदेशीय प्रसारण लाइनबाट दिउँसो थप विद्युत् भारतबाट आयात गर्न सकिन्छ, यसबाट कुलेखानी जलाशय, माथिल्लो तामाकोशी, कालीगण्डकी, मस्र्याङ्दी, मध्यमस्र्याङदीजस्ता अर्धजलाशययुक्त आयोजनाको पानी दिउँसो जम्मा गरी साँझको पिक र राति चलाउन सकिन्छ, यसबाट ढल्केबरबाट पश्चिमतर्फको विद्युत् आपूर्ति व्यवस्थापनमा थप सहज हुनेछ,’ कार्यकारी निर्देशक घिसिङले भने । बर्खायाम शुरु भएपछि देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् पश्चिमबाट ढल्केबरतर्फ प्रवाह गरी भारतमा हुने विद्युत् निर्यातको परिमाण बढाउन सकिने तथा हाल चालु रहेको १३२ केभी प्रसारण लाइनको कन्डक्टर फेरेर क्षमता बढाउने काम अगाडि बढाउन सहज भएको उनले बताए।

प्राधिकरणले मकवानपुरको हेटौँडादेखि ढल्केबरसम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइनको स्तरोन्नति (तार फेर्ने) को काम गरिरहेको छ । पूर्व–पश्चिम १३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता वृद्धि गर्न हेटौँडादेखि ढल्केबर सबस्टेसनसम्मको करिब १३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर उच्च क्षमताको नयाँ तार राख्न लागेको कार्यकारी निर्देशक घिसिङले बताए।

यसमध्ये हेटौँडाबाट बाराको पिलुवा सबस्टेसनसम्मको दुवै सर्किटको तार फेर्ने काम सम्पन्न भइसकेको छ । ढल्केबरबाट सर्लाहीको लालबन्दीसम्मको एउटा सर्किटको काम सम्पन्न भएको छ । स्थानीयको अवरोधका कारण लालबन्दीभन्दा अगाडि तार फेर्ने काम रोकिएको छ । तार फेर्न लाइन बन्द (सट डाउन) गर्नुपर्ने र यसले गर्दा त्यस क्षेत्रको विद्युत् आपूर्ति नै प्रभावित हुने भएकाले काम अगाडि बढ्न सकेको थिएन । अब ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएकाले उक्त लाइनबाट विद्युत् प्रवाह गरी तार फेर्ने काम अगाडि बढाउन सकिने कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

अहिले पुरानो १३२ केभी प्रसारण लाइनबाट करिब २०० मेगावाट विद्युत् प्रवाह हुँदै आएकामा कन्डक्टर बदलेपछि क्षमता वृद्धि भई करिब ४०० मेगावाट प्रवाह हुन्छ । यसबाट त्यस क्षेत्रमा विद्युत् आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युत्लाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने र देशभित्र खपत गरी बढी भएको विद्युत्लाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिन्छ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका–११ स्थित थानाभ¥याङस्थित हेटौँडा सबस्टेसनबाट इनरुवा सबस्टेसम्मको २८८ किलोमिटर ४०० केभी प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण शुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौँडा–ढल्केबर १३४ किलोमिटर र ढल्केबर–इनरुवा १५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ । यसमध्ये ढल्केबर–इनरुवा खण्ड निर्माणसम्पन्न भई सञ्चालनमा आइसकेको छ । हेटौँडा–ढल्केबर खण्ड निर्माणाधीन छ । यस खण्डअन्तर्गत हेटौँडा उपमहानगरपालिका–१५, १६ तथा १७ स्थिति हटिया क्षेत्रका केही स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै करिब ८ वर्षदेखि निर्माणमा अवरोध गरिरहेका छन् । हटिया क्षेत्रमा १६ वटा र हेटौँडा–११ स्थित थानाभ¥याङमा दुईवटा गरी १८ वटा टावर निर्माण गर्न बाँकी छन् । बाँकी दुईवटा टावर निर्माणाधीन छन् । आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैङ्कको सहुलियतपूर्ण ऋणमा नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार परियोजनाअन्तर्गत शुरु गरिएको हो । विश्व बैङ्कको ऋण अवधि सकिएपछि बाँकी काम हाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ । रासस

# विकासका निम्ति सरकारले कामको गति बढाउनुपर्छ



लालवीर चौधरी

प्रतिनिधिसभा सदस्य भएको करिब दुई वर्ष भयो । थारु समुदायको प्रतिनिधित्व गरेर सांसद भएको हुँ । संसद्मा पटकपटक यो समुदायको अधिकारका निम्ति आवाज उठाउँदै आएको छु । संविधानको मर्मअनुरुप कानुन बनाउने प्रक्रियामा पनि सक्रियताका साथ काम गर्दै आएको छु । राज्यका निकायहरु कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा थारु समुदायको प्रतिनिधित्व न्यून छ । यी तीनवटा निकायलगायत राज्यका हरेक संरचनामा थारु समुदायको अधिकार सुनिश्चितताका निम्ति संवैधानिक र कानुनी व्यवस्था गर्नुपर्छ । विसं २०७८ को जनगणनाअनुसार थारु समुदायको जनसङ्ख्या १८ लाख सात हजार १२४ रहेको छ । त्यही जनसंयाको आधारमा उनीहरुको राज्यका निकायमा सहभागिता सुनिश्चित हुनुपर्छ । संविधान संशोधन गरेर उनीहरुको अधिकार सुनिश्चित गर्नुपर्छ । निजामती, नेपाल प्रहरी, नेपाली सेना र संस्थानलगायत सरकारी जागिरमा थारु जातिको जनसंख्याको आधारमा आरक्षणको व्यवस्था गर्नुपर्छ । अहिले हाम्रो पार्टीबाट प्रतिनिधिसभामा चारजना सांसद हुनुहुन्छ।

त्यसैगरी १२ जना प्रदेश सांसद हुनुहुन्छ । ‘मधेश प्रदेश’ जस्तै ‘थरुहट प्रदेश’ हुनुपर्छ भन्ने हाम्रो पहिलो माग हो । थारु सामुदायको बाहुल्य रहेका गाउँपालिका र नगरपालिकामा सरकारी कामकाजको भाषाको रुपमा थारु भाषालाई मान्यता दिलाउनुपर्ने हाम्रो अर्को माग हो । सुर्खेत, दाङ र चितवन लगायतका जिल्लाका विभिन्न स्थानमा थारु समुदायको बसोबास रहेको छ । नेपालको तराई क्षेत्रमा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ । मुलुकमा रहेका सबै राजनीतिक दलहरुको लामो सङ्घर्षबाट देशको व्यवस्था परिवर्तन भएको छ । केही मात्रामा देशको विकास पनि भएको छ । तर जुन गतिमा हुनुपर्ने हो, त्यो गतिमा हुन सकेको छैन । जनप्रतिनिधिको नाताले हामीले यो विषय संसद्मा उठाइरहेका छौँ । सरकार र शीर्ष नेताहरुले आफ्नो क्षेत्रका लागि मात्रैभन्दा पनि समग्र देशको समान रुपमा विकास गर्नुपर्छ । देशको विकास समान रुपमा हुनुपर्छजस्तो लाग्छ । हाम्रो पार्टीले जुन पार्टीको नेतृत्वमा सरकार बने पनि सहयोग र समर्थन गर्दै आएको छ । हामी सङ्घीय सांसदहरुको काम भनेको मुख्यत नीति निर्माण गर्ने रहेछ । तर स्थानीय तहलाई बजेट चलाउने अधिकार हुन्छ । सांसद कार्यकारी पद होइन । त्यसैले विकासको कामलाई स्थानीय सरकारले पनि प्राथमिकता दिनुपर्छ । सङ्घीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय निकायलाई अधिकारसम्पन्न बनाउनुपर्छ । युवा पलायन रोक्न देशमा कुनै न कुनै व्यवसाय सञ्चालन गर्नुपर्छ।

राज्यले ऋण गरेर भएपनि देशमा उद्योग, कलकारखाना खोल्नुपर्छ । सरकारले जुन गतिमा रोजगारी सिर्जना गर्नुपर्ने हो, त्यो हुन सकेको छैन । अहिले देशभित्रै पनि हजारौँ युवा बेरोजगार बस्नुपरेको छ । एकैचोटी रोजगारी सिर्जना गर्छु भनेर हँुदैन । एकैचोटी युवा पलायन पनि रोक्न सकिँदैन । तर रोजगारीको लागि सरकारले उद्योग, कलकारखाना खोल्न शुरु गर्नुपर्छ । कुनै सानोतिनो व्यापार गरौँ भने पनि राम्रो बजार छैन । सरकारसम्म पहुँच नभएका जनताले कुनै पनि सरकारी अनुदान पाउन सकेका छैनन् । सङ्घ, प्रदेश र स्थानीय सरकारले दिने कृषि अनुदान वास्तविक किसानले पाउन सकेका छैनन् । सरकारको वरिपरि रहेकाले मात्रै पाएका छन् । सरकारमा भएको पार्टीको मान्छेले मात्रै अनुदान पाएको छ । नेताका नातेदारले मात्रै पाएका छन् । त्यसैले सरकारले तल्लो तहका जनतालाई हेर्नुपर्छ । पिँधमा रहेका जनताको स्वास्थ्य, शिक्षा र बेरोजगारीलगायत उनीहरुको समग्र समस्यालाई सरकारले ध्यान दिनुपर्छ।

सुशासनको मुख्य बाधक भनेको भ्रष्टाचार हो । भ्रष्टाचारको अन्त्य गर्नैपर्छ । सरकारीस्तरमा त भ्रष्टाचार हुने नै भयो । निजी क्षेत्रमा पनि त्यस्तै भ्रष्टाचार छ । हरेक सरकारका मन्त्री नै भ्रष्टाचारमा संलग्न भएको देखिन्छ । सरकारको मुख्यसचिवदेखि तल्लो तहका कर्मचारी पनि भ्रष्टाचारमा लागेको देखिन्छ । यदि देश विकास गर्दै सुशासन कायम गर्ने हो भने भ्रष्टाचारमा संलग्न सबैलाई कानुनबमोजिम कडा कारबाही गर्नुपर्छ । नेपालमा जागिर खानका लागि पनि घुस दिनुपर्छ । त्यो पनि भ्रष्टाचार हो । एउटा सामान्य सरकारी कागजात बनाउन पनि जनताले महिनौँ कुर्नुपर्छ । त्यो पनि भ्रष्टाचार हो । सुशासनको लागि सरकारी कामलाई चुस्त बनाउनुपर्छ । देशमा विकास नभएका कारण, बेरोजगारी भएका कारण, जनताको अवस्थामा सुधार नभएका कारण जनतामा निराशा बढेको हो।

त्यो कुरा अहिलेका राजनीतिक दलहरुले बुझ्नुपर्ने हो । पछिल्लो समयमा पूर्वराजाको सक्रियता यत्तिकै बढेको हैन । अहिलेसम्म देशमा जनताको अवस्था परिवर्तन हुन्छ कि भनेर कुरिरहेका थिए । अब उनीहरुको पीडा बाहिर आउँदैछ । बर्दिया जिल्लास्थित मेरो निर्वाचन क्षेत्रमा हात्तीको आतङ्क छ । बर्दिया राष्ट्रिय निकुञ्जबाट बस्ती नजिकै छ । अस्ति भर्खरै ७५ वर्षको मानिसलाई हात्तीले आक्रमण गरेर मारेको छ । मेरो निर्वाचन क्षेत्रका मानिसलाई जङ्गली बाघ र भालुबाट पटकपटक आक्रमण हुँदै आएको छ । यो विषयमा संसद्मा बोल्दै आएको छु । अबको मेरो योजना भनेको जङ्गली जनावरबाट मानिसमा भइरहेको आक्रमणको समस्या समाधन गर्नेतर्फ केन्द्रित हुनेछ । जङ्गली जनावरको आक्रमणबाट सामान्य गरिब मान्छे मरिरहेको छ । किनभने धनीहरुको घर जङ्गलको नजिकै, खोलाको किनारमा हुँदैन । रासस

# उत्तर कोरियाद्वारा नयाँ हतियार परीक्षण

रुसका सुरक्षा प्रमुख नेता किम जोङ उनसँग वार्ताका लागि प्योङयाङ आइपुगेपछि उत्तर कोरियाले शुक्रबार नयाँ हतियार प्रणालीको परीक्षण गरेको बताएको छ । यसले उसको लडाकू तत्परतालाई बढाउनेछ । सन् २०२२ मा मस्कोले युक्रेनमा आक्रमण गरेपछि परम्परागत सहयोगी रुस र उत्तर कोरिया नजिक आएका छन्।

सियोलले किमलाई मस्कोलाई किएभसँग लड्न मद्दत गर्न हजारौँ सेना र हतियारको कन्टेनर लोड पठाएको आरोप लगाएको छ । मस्को र प्योङयाङले सैन्य तैनाथीको आधिकारिक पुष्टि गरेका छैनन् तर गत वर्ष रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आणविक हतियार भएको उत्तर कोरियाको दुर्लभ भ्रमण गर्दा दुई देशले आपसी रक्षा खण्डसहित व्यापक सैन्य सम्झौतामा हस्ताक्षर गरेका थिए । मस्कोको शीर्ष सुरक्षा अधिकारी सर्गेई शोइगु उत्तर कोरिया भ्रमणका लागि आइपुग्नुभएको रुसी समाचार एजेन्सी तासले शुक्रबार जनाएको छ । यो उत्तर कोरिया र रुसबीच हालैको उच्चस्तरीय आदानप्रदानको शृंखलामा पछिल्लो हो । शोइगुले किम र अन्य उत्तर कोरियाली अधिकारीहरूसँग भेट्ने कार्यक्रम रहेको तास र रिया नोभोस्ती दुवैले बताएका छन् । किमले देशको नवीनतम एन्टी–एयरक्राफ्ट मिसाइल प्रणालीको परीक्षण–फायरको निरीक्षण गर्नुभएको परीक्षण कहिले भयो भनेर निर्दिष्ट नगरी कोरियाली सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले शुक्रबार बताएको छ । यो परीक्षणले उत्तर कोरियाको सेना ‘प्रशंसनीय युद्ध प्रदर्शनका साथ अर्को प्रमुख रक्षा हतियार प्रणालीले सुसज्जित’ हुने देखाउने किमले बताए।

दक्षिण कोरियाले संयुक्त राज्य अमेरिकासँगको प्रमुख वार्षिक संयुक्त सैन्य अभ्यास समाप्त गरेको एक दिनपछि यो घोषणा आएको हो । दक्षिण कोरिया र अमेरिकाको वार्षिक संयुक्त सैन्य अभ्यासलाई फ्रिडम शिल्ड भनिन्छ । यो अभ्यासलाई प्योङयाङले शुक्रबार ‘आक्रमणको युद्धको रिहर्सल’ भनेर छुट्टै निन्दा गरेको थियो । सन् १९५० मा आफ्नो छिमेकीलाई आक्रमण गरी कोरियाली युद्ध शुरु गरेको उत्तर कोरिया लामो समयदेखि संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाबीचको कुनै पनि सैन्य अभ्यासबाट क्रुद्ध हुँदै आएको छ । सियोलले गत हप्ता दक्षिण कोरियामा तैनाथ अमेरिकी सैनिकहरू संलग्न संयुक्त अभ्यास शुरु गरेपछि उत्तर कोरियाले ‘धेरैवटा अज्ञात ब्यालेस्टिक मिसाइलहरू’ प्रहार गरेको बताएको थियो । प्योङयाङले फेब्रुअरीको अन्त्यमा पीत सागरमा रणनीतिक क्रुज मिसाइलको परीक्षण प्रक्षेपण पनि गरेको थियो । यसले ‘जवाफी आक्रमण क्षमताहरू’ देखाएको उसले बताएको थियो । सबैभन्दा पछिल्लो फ्रिडम सिल्ड अभ्यासले विशेष गरी आणविक, रासायनिक, जैविक र रेडियोधर्मी खतराहरूलाई लक्षित गर्ने सामूहिक विनाशका हतियारहरूको प्रतिरोधमा केन्द्रित सहयोगी अभ्यास प्रस्तुत गरेको थियो । प्योङयाङ र सियोलबीचको सम्बन्ध वर्षौंको सबैभन्दा न्यून विन्दुमध्ये एकमा छ । उत्तर कोरियाले गत वर्ष संयुक्त राष्ट्र प्रतिबन्धको उल्लङ्घन गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो।

रुसका लागि परीक्षण ?

उत्तर कोरिया अध्ययनका लागि विश्व संस्थान सञ्चालन गर्ने शोधकर्तामा परिणत आन चान–इलले पछिल्लो प्रक्षेपण ‘युक्रेनमा प्रयोग गर्नका लागि रुसमा निर्यात गर्ने हतियारहरूको परीक्षण’ जस्तो देखिने बताए । प्योङयाङले अमेरिका–दक्षिण कोरियाको संयुक्त अभ्यासलाई मस्कोमा त्यस्ता हतियारहरू विकास र निर्यात गर्ने बहानाका रूपमा प्रयोग गरिरहेको उनले बताए । दक्षिण कोरियाली र पश्चिमी गुप्तचर एजेन्सीहरूले कुस्क सीमा क्षेत्रमा युक्रेनी आक्रमणसँग लड्न सहयोग गर्न गत वर्ष उत्तर कोरियाका १० हजारभन्दा बढी सैनिक रुस पठाइएको बताएका छन् । सियोलको जासुसी एजेन्सीले गत महिना उत्तर कोरियाले थप सैनिक पठाएको र धेरैलाई कुस्कमा फ्रन्टलाइनमा पुनः तैनाथ गरेको बताएको थियो।

सियोलले उत्तर कोरियालाई रुसमा हतियारको कन्टेनर लोड पठाएको आरोप पनि लगाएको छ र सियोलको रक्षा मन्त्रालयको हालैको प्रतिवेदनले उत्तर कोरियाले ‘युक्रेन युद्धमा आफ्नो सैनिक तैनाथी पश्चात रुसलाई हतियार, गोलाबारुद र अन्य सैन्य समर्थन प्रदान गर्न जारी राखेको’ बताएको छ । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका वरिष्ठ विश्लेषक होङ मिनले उत्तर कोरियाले बारम्बार गरेको हतियार परीक्षणको उद्देश्य ‘रणनीतिक रूपमा मूल्यवान हतियारहरूको विकास प्रदर्शन गर्ने’ रहेको बताए।

‘यदि उत्तर कोरियाले रुससँगको प्राविधिक सहयोगमार्फत आफ्नो मिसाइल अवरोधन र हवाई रक्षा क्षमताहरू सुधार गर्छ भने यसले दक्षिण कोरियाको ‘किल चेन’ रक्षा योजनालाई उल्लेखनीय रूपमा प्रभावित गर्न सक्छ,’ उनले भने, ‘विशेष गरी उत्तर कोरियाले आफ्नो कमजोर राडार प्रणाली र फिल्ड कमान्ड वाहनहरूका लागि रुसबाट सहायता प्राप्त गर्न सक्छ।’ एएफपी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# राजमार्गलाई ग्रामीण सडक सञ्जालमा जोड्दै

**सिरहा ।**
कुनै बेला साँघुरो सडक र सडकै छेउमा फुसको छाप्रो, त्यसभित्रससाना पसल मात्रै देखिने लक्ष्मीपुरपतारी गाउँपालिकास्थित ग्रामीण बजारको स्वरुप यतिबेला फेरिएको छ । सडक डिभिजन कार्यालय लहान सिरहाले सिरहा–सप्तरी–उदयपुरको ग्रामीण बस्तीका सडक निर्माणमा तदारुकता देखाएपछि गाउँहरु विकासको मूलधारमा जोडिन थालेका छन् । बजारको स्वरुप फेरिएसँगै त्यस क्षेत्रका स्थानीयहरुमा पहिलाको भन्दा बेग्लै खालको उत्साह देखिन थालिएको छ । ‘पहिला बजार क्षेत्रमा साँघुरो सडक र फुसको छाप्रो, त्यहीभित्र सानासाना व्यवयासी मात्र थियो,’ लक्ष्मीपुरपतारी गाउँपालिकाका श्याम यादव भन्छन्, ‘तर अहिले सडक फराकिलोसँगै बजारमा ठूलठूला पक्की भवन र ठूलो पसलहरु खुल्न थालेका छन् ।’ कुनै बेला दुर्गम मानिने सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिकास्थित विद्यापती मार्गअन्तर्गत पर्ने छपरारी–पोखरभिण्डा–खुर्कियाही सडक छेउका बस्तीहरु सुगम क्षेत्र बनेका छन् ।

लक्ष्मीपुरपतारी गाउँपालिकालाई केही वर्षअघि सम्म दुर्गम क्षेत्रका रुपमा मानिथ्यो तर अहिले ती क्षेत्रले आफ्नो पुरानो पहिचान फेरेको छ । यतिबेला लक्ष्मीपुर पतारी क्षेत्र मधेश प्रदेशकै पर्यटकीय क्षेत्रका रुपमा विकास हुन थालेको छ । यसको प्रमुख कारण हो पूर्व–पश्चिम राजमार्गसम्म जोडिएको विद्यापति मार्ग सडकको कालोपत्र । पूर्व–पश्चिम राजमार्गलाई जोड्ने उत्तर दक्षिण ग्रामीण ती सडक कालोपत्र भएसँगै लक्ष्मीपुरपतारी क्षेत्रका स्थानीयवासीको अनुहारमा यतिबेला मुस्कान छाएको छ ।

पूर्व–पश्चिम राजमार्गस्थित छपरारीदेखि भारतीय सिमानाका बहहरीसम्मको सडक स्तरोन्नतिसँगै सडक डिभिजन कार्यालय लहान सिरहाले सडक कालोपत्र गरेपछि स्थानीयलाई आवतजावतमा सहज मात्रै होइन, हिलो र धुलोबाट मुक्त भएका छन् । ‘छपरारी बजारदेखि बडहरीसम्मको पुग्न पहिला मोटरसाइकलमा डेढ घण्टासम्म लाग्दथ्यो,’ पोखरभिण्डा गाउँका स्थानीय सन्तोष साह भन्छन्, ‘तर सडक कालोपत्र भएपछि अहिले मुस्किलले १५ मिनेटमै पुगिन्छ ।’

सडक डिभिजन कार्यालय लहानले सिरहा, सप्तरी र उदयपुर जिल्लाका जीर्ण सडकको स्तरोन्नतिसँगै कालोपत्रको कार्य तीव्र रुपमा अघि बढेसँगै दुर्गम मानिएका ग्रामीण क्षेत्र अहिले सुगम क्षेत्र बन्दै गएको छ । सडक निर्माण भएपछि विकासले गति लिनाका साथै हजारौँ युवाले स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त गरेका छन् । ‘पहिला पहिला सडक जीर्ण हुँदा सवारीसाधन त्यति नचल्दा गाउँमा उत्पादन भएको तरकारी सहज रुपमा लहान बजारसम्म पु¥याउन समस्या हुन्थ्यो,’ लक्ष्मीपुर पतारीका श्रवण महतो भन्नुहुन्छ, ‘तर अहिले थुप्रै संख्यामा अटो रिक्सा चल्न थालेपछि ती बालीहरु बजार पुऱ्याउन सकिरहेका छौँ ।’ यसबाट किसानसमेत उत्साहित भएको उनको भनाइ छ ।

वर्षौंदेखि जीर्ण रहेको सडक स्तरोन्नतिसँगै कालोपत्रको काम अन्तिम चरणमा पुगेको छ । १८ करोड ७४ लाख ९९ हजार नौ रुपैयाँको लागतमा २०७९ असार २३ गते ठेक्का सम्झौता गरी काम शुरु गरेको सिद्धबाबा अम्भुजा जेभी काठमाडौँले सडक स्तरोन्नति तथा कालोपत्रको काम गरिरहेको छ । २०८२ असारसम्ममा सडकको काम सकिने समयावधि रहे पनि हालसम्म ९४ प्रतिशत काम सम्पन्न भइसकेको निर्माण कम्पनीका प्रतिनिधि सबइन्जिनियर नरेशकुमार मण्डलको भनाइ छ । उनका अनुसार गाउँ क्षेत्रमा १२ मिटर चौडाइ र गाउँबाहिर १० मिटर चौडाइ सडक स्तरोन्नति गरिहेको छभने गाउँ क्षेत्रमा नाला निर्माण गरिएको छ ।

निर्माणाधीन विद्यापति मार्गको निर्माण कार्य अन्तिम चरणमा रहेको डिभिजन सडक कार्यालय लहानका प्रमुख डिभिजनल इन्जिनियर आशुतोष कर्णले बताए । प्राविधिकरुपमा केही ‘भेरियसन’ गर्नुपर्ने भएकाले सडकको बाँकी कार्य छिट्टै अगाडि बढाइने उनको कथन छ ।

यस्त, सप्तरीको सुरुङ्गा नगरपालिका–७ कदमहा चौक हुँदै चकदह, प्रमाणपुर र वडा नम्बर १० पटेर्वा चोकसम्म निर्माणाधीन सडकको काम पनि तीव्र रुपमा भइरहेको छ । कुल आठ किलोमिटर ५ सय मिटर लामो सडकमा हालसम्म करिब पाँच किलोमिटर सडक कालोपत्र गर्ने चरणमा पुगेको डिभिजन सडक कार्यालय लहानले जनाएको छ । गौरी पार्वती के एन्ड केजी जेभीले २०८१ मङ्सिर १७ गतेसम्म काम सक्नेगरी २०७९ मङ्सिर १८ मा ठेक्का सम्झौता गरेकामा रकम सुनिश्चित नगरिँदा केही ढिलाइ भए पनि अहिले काम तीव्र रुपमा भइरहेको निर्माण कम्पनीका प्रतिनिधि इन्जिनियर भूपेन्द्र सिफैलया बताउँछन् । उनले थपिएको म्यादअघि नै काम सकिने गरी निर्माणको काम अघि बढेको बताए ।

बलान नदीको छेउबाट निर्माण भइरहेको सडकले आवागमनमा सहजता मात्र नभई बलान नदीले बर्सेनि गर्दै आएको कटान र डुबानको समस्या समाधान हुने स्थानीयको बुझाइ छ । ‘हाम्रो लागि यो बाटो अत्यन्तै महत्वपूर्ण र वरदान नै बनेको छ,’ बैरवनका स्थानीय जीवछ यादव भन्छन्, ‘सडक निर्माण भएपछि गाडी गुडाउन पनि सहज हुन्छ र बर्खायाम बलान नदीले गर्ने कटान र डुबानबाट समेत बचाउँछ । यो हाम्रो लागि ठूलो उपलब्धि हो ।’ २७ करोड आठ लाख १६ हजार रुपैयाँ लागतमा निर्माण भइरहेको सडकको भौतिक प्रगति ३३ प्रतिशत रहेको निर्माण कम्पनीका प्रतिनिधि विश्व सुवेदीको भनाइ छ ।

यस्तै उदयपुरको पुरानो सडकसँग सप्तरी लोकमार्ग दूरी छोट्याउन २०२५ सालमा ‘ट्र्याक’ खोलिएको मोतिगढा–जोगीदह खण्ड निर्माणको कामले पनि तीव्रता पाएको छ । करिब १२ किलोमिटर सडकलाई पनि कालोपत्र गर्ने गरी काम अघि बढेको डिभिजन सडक कार्यालय लहानका प्रमुख कर्ण बताउँछन् । कर्णका अनुसार नेपाल सरकारको निर्वाचन क्षेत्र रणनीतिक सडक योजनाअन्तर्गत सङ्घीय संसद्को एउटा निर्वाचन क्षेत्रमा कम्तीमा २५ र बढीमा ४० करोड रुपैयाँसम्मका लागतमा सडक निर्माण भइरहेको छ । ती योजनाअन्तर्गत उदयपुरको निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने सदरमुकाम गाईघाट जोड्ने जिल्लाकै पुरानो सडक मोतिगढा–जोगीदह खण्डमा कालोपत्र गर्न लागिएको छ । दुई लेनको सडक कालोपत्र गर्ने गरी २८ करोड ४३ लाख ४६ हजार रुपैयाँमा ठेक्का सम्झौता गरी धमाधम काम गरिरहेको छ । आवश्यक पर्ने रकम सुनिश्चित नगरिँदा त्रियुगा नगरपालिका–१, २ र ३ तथा चौदण्डीगढी नगरपालिका–१०, ९, २ र ५ को सुन्दरपुर हुँदै सप्तरीको फत्तेपुर जोड्ने ३० किलोमिटर सडकअन्तर्गत

मोतिगढा–जोगीदह–रुपनीसम्मको करिब १२ किलोमिटरको सडक आव २०८१–८२ को अन्त्यसम्ममा सम्पन्न गर्ने लक्ष्य पूरा हुन नसकेको निर्माण व्यवसायी मनिकुमार दाहालले बताए । सडकलाई दुई लेनको बनाएर कालोपत्र गर्ने गरी अघिल्लो आवमा आर्थिक वर्ष काम वर्ष शुरु गरेको थियो । डिभिजन सडक कार्यालय लहानका इन्जिनियर सञ्जीव साहका अनुसार सडक स्तरोन्नतिसँगै चौडा पार्ने र दायाँबायाँ नाली निर्माण, ठूलासाना गरी २२ वटा कलभर्ट निर्माण सम्पन्न भई नाला निर्माण गर्नेलगायत कामहरु भइरहेको छ । करिब २५ करोड रुपैयाँ भन्दा बढी लागत अनुमान रहेको योजनामा सरकारले चालु आवमा अढाई करोड रुपैयाँ मात्र बजेट उपलब्ध गराएको छ । रासस

# काठदाउरा आपूर्ति गर्ने शर्तमा खुल्यो तालाबन्दी



**आरके श्रीवास्तव**
**रौतहट ।**
काठदाउरा समयमा आपूर्ति गर्ने शर्तमा डिभिजन वन कार्यालयमा लगाइएको तालाबन्दी खोलिएको छ । सेवाग्राहीलाइ असहजता र काठदाउरा समयमा पूर्ति गर्न नसकेको भन्दै शुक्रबार दिउँसो जिल्ला वन पैदावार आपूर्ति समिति र सेवाग्राहीद्वारा तालाबन्दी गरिएको थियो ।

समितिका तर्फबाट विकास कुमार यादवको नेतृत्वमा गएको समूहले वन कार्यालयमा तालाबन्दी गरेका थिए । चालु आर्थिक वर्षमा डिभिजन वन कार्यालयले हालसम्म उपभोक्तालाई काठदाउरा उपलब्ध गराउन आपूर्ति खोलेकै थिएन । जसकारण उपभोक्ता काठ पाउनबाट वञ्चित छन् । डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साहले आपूर्ति नखुलाएर दिनहुँ काठ गायब गर्न थालेको आरोप लाग्दै आएको छ । कमिसन पाउने लोभमा निलामी प्रक्रियाबाट काठ बिक्री गर्ने गरेको चुरे तथा वन जंगल संरक्षण अभियान नेपालका अभियन्ता नन्दकिशोरले राम आरोप लगाए ।

शुक्रबार तालाबन्दी गर्ने पक्षले लिलामीलगायतका कार्यहरुमा आपूर्ति समितिलाइ बेवास्ता गरेको, कटान, मुछान, काठदाउरा लिलामीलागयतका कार्यमा आपूर्ति समितिसँग समन्वय नगरी काठदाउरा बिक्री वितरण गरेको, सेवाग्राहीलाइ काठदाउरा समयमा उपलब्ध नगराएको आरोप लगाएका थिए । त्यस्तै आपूर्ति समितिले पाउनुपर्ने नियमानुसारको काठदाउरा समयमा उपलब्ध नगराएको, राम्रा काठदाउरा सबै लिलामी गरेको र आपूर्तिद्वारा सेवाग्राहीलाई दिएनुपर्ने काठ कमसल र नराम्रा काठ छाडेको, आपूर्तिको वार्षिक कार्ययोजनाअनुसार गर्नुपर्ने योजना कार्यान्वयनमा बेवास्ता गरेको उनीहरुको आरोप थियो ।

त्यसैगरी, वन कार्यालय अन्तर्गतका योजना कार्यान्वयन प्रक्रियामा डिभिजनल अधिकृत साहले ढिलाइ गरेको भन्दै समितिका मान्छे र उपभोक्ता आक्रोशित बनेका थिए । समितिका नेतृत्वकर्ता यादवले दिएको जानकारीअनुसार डिभिजन वन कार्यालयले आफूहरुको माग सम्बोधन गर्ने भएपछि तालाबन्दी खोलिएको हो ।

# तिवारी मधेश मोफसल विभाग संयोजक

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघका सचिव अशोक तिवारी मधेश मोफसल मिडिया विभाग संयोजकमा मनोनीत भएका छन् । महासंघका महासचिव रामप्रसाद दाहालले शुक्रबार मनोनयन पत्र प्रदान गर्दै तिवारीलाई विभागको संयोजकमा मनोनीत गरेको जानकारी दिए । महासंघको विधानका उद्देश्य परिपूर्ति र महासंघको हित, सम्बद्र्धनअनुसार विभाग गठन गरी तिवारीलाई संयोजकको जिम्मेवारी दिइएको महासचिव दाहालले बताइए । सचिव तिवारीले इमान्दारितापूर्वक जिम्मेवारी बहन गर्ने बताए । मधेश मोफसलका मिडियाको हकहित एवम् संरक्षण र मिडियाकर्मीको प्रोत्साहनको क्षेत्रमा काम गर्ने उनको योजना छ ।

# पत्रकार मिश्र ‘ऊर्जा खबर’ मा मधेश संयोजक

**मधेशदृष्टि**
**वीरगंज ।**
ऊर्जा खबरले मधेश प्रदेश संयोजकमा पत्रकार सन्तोष कुमार मिश्रलाई नियुक्त गरेको छ ।

पत्रकारितामा करिब दुई दशकको अनुभव रहेका मिश्रलाई मधेश प्रदेशमा ऊर्जा विकासका सम्भावना र चुनौतीबारे केन्द्रित रहेर समाचार सम्प्रेषण गर्ने जिम्मेवारी दिइएको छ ।

संयोजक मिश्रलाई ऊर्जा खबरका सल्लाहकार तथा उद्यमी जीवा लामिछानेले खादा ओढाएर स्वागत गरे । लामिछानेले ऊर्जा खबरले तथ्यमा आधारित पत्रकारिता गर्दै आएको उल्लेख गर्दै यसको विश्वसनीयता कायम राख्दै प्रभावकारी समाचार सम्प्रेषण गर्न सुझाव दिए ।

# एसइइ परीक्षाबाट ३४० थान मोबाइल नियन्त्रणमा

**मधेशदृष्टि**
**रौतहट ।**
एसइइ परीक्षामा चिट चोर्ने प्रयोजनका लागि ल्याइएको ३ सय ४० थान मोबाइल नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ । शुक्रबार बिहान ८ बजेदेखि सञ्चालन भएको एसइइ परीक्षामा विभिन्न परीक्षा केन्द्रमा चिट चोर्ने प्रयोजनका लागि परीक्षार्थीले शरीरमा मोबाइल तथा अन्य इलेक्ट्रोनिक ग्याजेट लुकाइछिपाइ परीक्षा हलभित्र प्रवेश गरेकामा चेकजाँचमा ३ सय ४० थान मोबाइल र स्मार्ट वाच बरामद भएको हो ।

परीक्षा हलभित्र गार्डका रुपमा खटिएर जिम्मेवारी ठीकसँग निर्वाह नगरेका २ जना गार्डलाई एसइइ परीक्षा अवधिसम्मका लागि रेस्ट्रिकेट गरिएको प्रहरीले जनाएको छ । प्रहरी नायब उपरीक्षक एवम् प्रवक्ता तथा सूचना अधिकारी दीपक कुमार रायले दिएको जानकारी अनुसार एसइइ परीक्षाको शुरुका दिन नै ४ सय २४ मोबाइल नियन्त्रणमा लिइएको थियो । एसइइ परीक्षा मर्यादित तरिकाले निर्वाह गर्न तथा मधेशको शिक्षा सुधार्न निष्पक्ष तरिकाले परीक्षा गर्न गराउन प्रहरी नायब उपरीक्षक रायले आग्रह गरेका छन् ।

यस्तै, बारामा एसइइ परीक्षामा परीक्षार्थीलाई चिट चोराउने दुई निरीक्षक पक्राउ परेका छन् । कलैया उपमहानगरपालिका वडा नम्बर ५ स्थित पन्नादेवी कन्या उच्चमाध्यमिक विद्यालयमा मोबाइलबाट परीक्षार्थीलाई चिट चोराउने दुई निरीक्षक पक्राउ परेका हुन् । निरीक्षक रन्जु कुमारी र सोरख यादव पक्राउ परेको जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिए ।

# न्यु इयर इभ कन्सर्ट हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
नयाँ वर्ष २०८२ मा वीरगंजमा हुनलागेको ‘न्यु इयर इभ कन्सर्ट’ को सम्पूर्ण तयारी पूरा भएको छ । ब्लेन्डिङ इभेन्ट्स नेपालले परिवर्तन इभेन्ट हाउसको सहकार्यमा आयोजना गर्न लागेको कार्यक्रम चैत ३१ गते वीरगंजस्थित होटेल भिस्वामा गरिनेछ । कार्यक्रममा चर्चित गायक दीपक बज्राचार्य एन्ड रिदम ब्यान्डले पहिलोपटक वीरगंजमा प्रस्तुति दिने छ । त्यस्तै, थारु गायिका अनु चौधरी, मैथिली र्‍यापर मनिया, काठमाडौँकी चर्चित डिजे नाना तथा वीरगंजका स्थानीय कलाकारको पनि प्रस्तुति हुने आयोजकले जानकारी दिएको छ । चार हजारभन्दा बढी दर्शक सहभागी हुने अपेक्षा गरिएको कार्यक्रममा विद्यार्थीका लागि विशेष छुट व्यवस्था गरिएको छ । कार्यक्रमको कुल अनुमानित लागत ३८ लाख ४० हजार रुपैयाँ रहेको आयोजकको दाबी छ ।

# जगरनाथपुरमा वृक्षारोपण

**राजन कुमार बानिया**
**पर्सा ।**
विश्व वन दिवसका अवसरमा जगरनाथपुर गाउँपालिकामा वृक्षारोपण भएको छ । समृद्धिका लागि वन परियोजना कार्यक्रमअन्तर्गत वडा नम्बर ५ मसिहानीमा गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले विभिन्न प्रजातिका बिरुवा रोपेर कार्यक्रम शुरु गरे । गाउँपालिकाले दुई ठाउँमा सार्वजनिक जग्गामा वृक्षरोपण र जंगल संरक्षण गरेको छ । कार्यक्रममा उपाध्यक्ष बबिता सिंह, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, वन अधिकृत पप्पु यादव, वडाअध्यक्ष बिहारी महतो नुनिया, नेपाली कुशवाहा, नेपाली कांग्रेसका नेता प्रेम थापा, रमेश कुशवाहा, शिक्षा प्रमुख अशोक सिंह, इन्जिनियर महम्द सदाम हुसेनलगायतको सहभागिता थियो ।

# ओभरब्रिजका लागि सहमति

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सीमावर्ती भारतीय शहर रक्सौलमा २१ वर्षको प्रतीक्षापश्चात् रेलवे गुमटीमा ओभरब्रिज निर्माणको सहमति प्राप्त भएको छ । बिहीबार बिहार सरकारको पथ निर्माण विभागले रक्सौलका दुई रेलवे गुमटीमा ओभर ब्रिज निर्माण गर्न सहमति प्रदान गरेको हो । निर्णयसँगै रक्सौल–आदापुर बीचको गुमटी नम्बर ३३ र रक्सौल–सिकटा बिचको गुमटी नम्बर ३४ मा ओभरब्रिज निर्माणको बाटो खुलेको छ ।

बिहार सरकारको पथ निर्माण विभागले विज्ञप्ति जारी गर्दै रेलवे विभागलाई ओभरब्रिज निर्माणका लागि अनुमति दिइएको जानकारी दिएको छ । ओभरब्रिज निर्माणमा लाग्ने सम्पूर्ण खर्च भारतीय रेलवेले बेहोर्ने छ र निर्माण कार्य पनि रेलवेले नै गराउने छ । मार्च १३ तारिकमा बिहार सरकारका पथ निर्माण विभागका अपर मुख्य सचिव मिहिर कुमार सिंह र भारतीय रेल मन्त्रालयका सदस्य नवीन गुलाटीबीच भएको उच्चस्तरीय बैठकमा यसबारे सहमति जुटेको थियो । सन् २००४ मा तत्कालीन भारतीय रेल मन्त्री लालुप्रसाद यादवले ओभरब्रिजको शिलान्यास गरेका थिए, तर करिब २१ वर्षसम्म परियोजना अघि बढ्न सकेको थिएन । रक्सौलमा ओभर ब्रिज नहुँदा लामो समयदेखि शहरवासीले गम्भीर समस्या भोग्दै आएका थिए ।

# सिडिओ मन्त्रालयमा तानिए

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल गृह मन्त्रालय तानिएका छन् । प्रमुख जिल्ला अधिकारीमा कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल खटिएको गृह मन्त्रालयले जनाएको छ ।

स्रोतका अनुसार सिरहामा दलित समुदायको घर भत्काइएको घटनाको व्यवस्थापन गर्न नसकेको विषय उठेपछि दाहाललाई मन्त्रालय तानिएको हो । महायज्ञ गर्न दलित परिवारलाई हटाएको भन्नेबारे विषयमा सत्यतथ्य र स्वतन्त्र छानबिन गर्न गृहमन्त्री रमेश लेखकले प्रहरीलाई निर्देशन दिइसकेका छन् । यता, सांसदहरूले सिरहाको औरही गाउँपालिका अध्यक्ष शिवजी यादवलाई पक्राउ गर्न माग गरेका छन् । शुक्रबार राष्ट्रिय सभाको बैठकमा बोल्दै सांसदहरूले दलित भएकै कारण घरमा डोजर लगाएर विस्थापित गर्ने जस्तो कार्यमा संलग्न भएको भन्दै यादवमाथि कारबाहीको माग गरेका हुन् । सांसदहरू गोमादेवी तिमिल्सिना, जयन्तीदेवी राईलगायतले औरही–५ को घटनाप्रति सरकारको ध्यानाकर्षण गराए ।

बिष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिष्णुपुर, सप्तरी, मधेश प्रदेश, नेपाल
सच्याईएको सूचना
यस कार्यालयको मिति २०८१/११/१० गतेको मधेशदृष्टि राष्ट्रिय दैनिकमा बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने प्रकाशित सूचनामा २०८१/०९/२२ गते मिति हुनु पर्नेमा २०८१/१०/०८ गते हुन गएकोले सच्याईएको छ ।
प्रमुख प्रशासकीय अधिकृत

# उपराष्ट्रपतिसँग पाकिस्तानी राजदूतको भेट

**मधेशदृष्टि**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि पाकिस्तानका राजदूत अबरार एच. हाश्मीले शुक्रबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेका छन् ।



भेटवार्तामा शुभकामना आदानप्रदान पश्चात दुई देशबीचको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, आर्थिक सहयोग र सहकार्य तथा द्विपक्षीय व्यापार तथा लगानीलगायतका विषयमा छलफल भएको थियो ।
उपराष्ट्रपति यादवले नेपाल र पाकिस्तानबीच कूटनीतिक सम्बन्ध स्थापना भएयता दुई देशबीचको सम्बन्ध घनिष्ठ र समधुर रहिआएको उल्लेख गर्दै यसलाई आगामी दिनहरूमा अझ सुदृढ बनाउनुपर्ने बताए ।
'हामीले हाम्रा दुई मुलुकबीच अर्थ मन्त्री स्तरमा संयुक्त आर्थिक आयोग र परराष्ट्र सचिवस्तरमा द्विपक्षीय राजनीतिक परामर्श संयन्त्र मार्फत् सम्पर्क र वार्तालाई निरन्तरता दिन आवश्यक छ,' उनले भने, 'दुई देशबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानले हाम्रा सम्बन्धको सबै पक्षहरूमा सधैँ गतिशीलता र गुणस्तर बढाएको छ ।'
उनले व्यापार र आर्थिक क्षेत्रमा सहयोग विस्तारमा जोड दिँदै लगानी, पर्यटन, संस्कृति, जनस्तरको सम्बन्ध लगायत पारस्परिक सहयोगका क्षेत्रमा दुवै देश मिलेर काम गर्नुपर्ने बताए ।
राजदूत हाश्मीले नेपाल र पाकिस्तानबीचको द्विपक्षीय सम्बन्ध सुमधुर रहेको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण उत्पन्न समस्या समाधान परस्पर सहकार्यबाट गर्नुपर्ने बताए ।
उनले जलवायु परिवर्तन, हिमाल र मानव जीवनको भविष्यलाई केन्द्रमा राखेर नेपालले गर्न लागेको 'सगरमाथा संवाद' का लागि नेपाल सरकारलाई बधाई दिँदै यसमा पाकिस्तानको साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गरे ।

# शहर बीचमा शव जलाउदा धूँवाले समस्या

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले संसदीय दलका उपनेता र प्रदेश सभा सदस्य दीपेन्द्र ठाकुरले जनकपुरधामको मुख्य शहरी क्षेत्रमा निर्माण गरिएको स्वर्गद्वारीमा लाश जलाउँदा निस्किने धँुवाबाट सर्वसाधारणको स्वास्थ्यमा समस्या भइरहेको भन्दै यसको वैकल्पिक व्यवस्था गर्न माग गरेका छन । उनले जनकपुरधामको स्वर्गद्वारी शवदाह गर्दा उठ्ने धुवाँले स्थानीयलाई स्वास्थ्यमा समस्या र महामारीको जोखिममा पारिरहेको बताए ।
शुक्रबार बसेको प्रदेश सभा बैठकमा ठाकुरले जनकपुरधामका समाजसेवी पवन सिंघानियाद्वारा बनाइएका स्वर्गद्वारी सञ्चालनले सर्वसाधारणलाई समस्या भइरहेकाले यसको विकल्पमा विद्युतीय शव दाह व्यवस्था गरिनुपर्नेमा जोड दिए । ठाकुरले भने, 'स्वर्गद्वारीमा शवदाह गर्दा उड्ने धूवाँले महामारीको जोखिम बढाउने खतरा छ । यसले जनकपुरधामका नागरिकको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ ।' उनले थपे, 'समस्या समाधान गर्न इलेक्ट्रिक शवदाह गृह व्यवस्था गर्न आवश्यक छ । यस विषयमा सम्बद्ध मन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।'
जनकपुरधाममा स्थापित स्वर्गद्वारीमा पछिल्लो समय धेरै शव अन्त्येष्टि गरिन थालेको छ ।

# मानव आश्रमबाट छोरा बेपत्ता भएपछि चिन्तामा आमा

**मनोज माझी**
**राजविराज ।**
सप्तरी, शम्भुनाथ नगरपालिका–७ कि ६० वर्षीया ईश्वरीदेवी चौधरी उपचारका लागि आश्रमले लगेको छोरा ९ महिनापछि बेपत्ता हुँदा चिन्तामा डुबेकी छिन् । उनी एकल महिला हुन् । आर्थिक अभावका कारण सुस्तमनस्थितिका २३ वर्षीय छोरा प्रवीणको उपचार गराउन नसकेर घरमै फलामे सिक्रीमा बाँधेर विगत ५ वर्षदेखि राखेको छोरा आश्रमले लगेको हो ।



आर्थिक अभावमा उपचार गराउन नसकी सुस्त मनस्थितीका छोरालाई बाँधेर राखिएको खबर पाएपछि पुगेको जनकपुरस्थित मानवसेवा आश्रमको टोलीले असार ४ गते उद्धार गरेर लगेको थियो । मधेश प्रदेशका तत्कालीन वन राज्यमन्त्री रञ्जु मण्डल, प्रदेश सांसद महेश प्रसाद यादव, तत्कालीन प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्राती, इन्सेक सप्तरी प्रतिनिधि मनोहर पोखरेल तथा आश्रमका मधेश प्रदेश इन्चार्ज विवेक महतो, आश्रमका सचिव सुमन बर्तौलाको उपस्थितिमा उद्धार गरी आश्रमले लगेकामा फागुन ६ गते प्रवीण भागेर सम्पर्कविहीन भएको आश्रमले वडाअध्यक्ष गोपाल चौधरीलाई खबर गरेको छ ।
तीन सन्तानमध्ये जेठो छोरा रविन ६ वर्षअघि बेपत्ता भएकामा अहिलेसम्म फेला परेका छैनन् । माइलो छोराको मुख हेरेर चित्त बुझाउदै आएका बेला आश्रमबाटै छोरा बेपत्ता हुँदा उनलाई मन थाम्न गाह्रो भएको छ । सात वर्षअघि श्रीमान् परशुराम गुमाएकी उनले मुटुमा देखिएको समस्या रकम अभावका कारण समयमै उपचार गराउन नसक्दा श्रीमान गुमाउनु परेको थियो । कान्छो छोरा सन्तोष मजदुरीको सिलसिलमा काठमाडौँमा छन् । सडकमा अलपत्र परेका तथा रकम अभावमा उपचार गराउन नसकी घरमै कष्टकर जीवन बिताइरहेका व्यक्ति तथा बिरामीलाई उद्धार गरी उनीहरुको उपचार गराई व्यवस्थापन गर्दै आएको आश्रमका सचिव सुमन बर्तौलाले शुक्रबार सञ्चारकर्मीसित आश्रमका केही सरसमानका साथै फोहोर उठाउन गाडी आएको बखत ढोका खोलेको मौका छोपेर लुकेर प्रवीण भागेको बताए ।
आर्थिक समस्याका कारण एकजना मात्र सुरक्षा गार्ड राख्न सकिएको र उनी मूलढोकामै लोडिङ कार्यमा व्यस्त रहेका बेला अचानक प्रवीण भागेको उनको भनाइ छ । प्रवीणमा क्रमशः सुधार हुँदै गएको अवस्थामा एक्कासि भागेको उनको दाबी छ । प्रवीण भागेपछि उनको हुलियासहित खोजतलासमा सहयोग गरिदिन प्रहरीका जिल्लादेखि केन्द्रसम्मका उच्चअधिकारीलाई आग्रह गरिएको उनले बताए ।

# नर्सिङमा मतगणना विवादले पठनपाठन अवरुद्ध

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नर्सिङ क्याम्पसमा स्ववियु निर्वाचनपछि मतगणना अवरुद्ध भएको विषयपछि पठनपाठन पनि प्रभावित भएको छ । मंगलबार भएको स्ववियु निर्वाचन मतगणनाक्रममा विद्यार्थी संगठनबीच विवाद भएपछि मतगणना रोकिएको छ । क्याम्पसको पठनपाठनमा समेत प्रभाव परेको छ ।
शुक्रबार नेविसंघले प्रेस विज्ञप्ति जारी गर्दै मतगणनाको विवाद यथाशीघ्र सुल्झाएर क्याम्पसको पठनपाठन शुरु गराउन क्याम्पस प्रशासनसँग माग गरेको छ । क्याम्पस इकाइ समिति सभापति सबिना सुनारले जारी गरेको प्रेस विज्ञप्तिमा मतगणनाक्रममा उत्पन्न विवादका कारण पठनपाठन प्रभावित भएको विषयप्रति गम्भीर चिन्ता व्यक्त गर्दै शैक्षिक संस्थामा विद्यार्थीको शिक्षाको निरन्तरतामा कुनै पनि प्रकारको अवरोध अस्वीकार्य छ भनिएको छ ।
स्ववियु निर्वाचन लोकतान्त्रिक प्रक्रिया भएको र यसले विद्यार्थीको नेतृत्व चयन गर्ने अवसर प्रदान गर्ने भन्र्दै नेविसंघले मतगणनाक्रममा देखिएको विवाद र त्यसपछि उत्पन्न परिस्थितिले क्याम्पसको नियमित पठनपाठन अवरुद्ध हुनु दुर्भाग्यपूर्ण भएको जनाएको छ ।
नेविसंघले स्ववियु निर्वाचनसम्बन्धी विवादलाई सहमति, वार्ता र संवादमार्फत यथाशीघ्र समाधान गर्न पहल गर्न आग्रह गरेको छ । यदि तोकिएको समयसीमाभित्र क्याम्पस प्रशासनले उपयुक्त कदम चाल्न नसके नेविसंघ बाध्य भएर विद्यार्थीको अधिकार सुनिश्चित गर्न थप आन्दोलनका कार्यक्रम ल्याउन बाध्य हुने सभापति सुनारले चेतावनी दिएकी छन् ।

# मधेशी निजामती कर्मचारी मञ्चको महाधिवेशन शुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल मधेशी निजामती कर्मचारी मञ्चको चौथो राष्ट्रिय महाधिवेशन जनकपुरधाममा शुरु भएको छ ।
'सार्वजनिक सेवा प्रवाहमा भरपर्दो साधन समानुपातिक प्रतिनिधित्वको निजामती प्रशासन' नारासहित आयोजित महाधिवेशन तीन दिनसम्म चल्ने छ ।
नेपाल मधेशी निजामती कर्मचारी मञ्चको केन्द्रीय कार्यसमिति बबरमहल काठामाडौँद्वारा आयाजित महाधिवेशनमा ३१ जिल्लाका तीन सय मधेशी निजामती कर्मचारी सहभागी छन् ।
महाधिवेशनमा मधेशी कर्मचारीको हकहितका साथै उनीहरुले भोग्नुपरेका समस्याबारे कार्यपत्र प्रस्तुत हुने र त्यसमा छलफल गर्ने तथा नयाँ नेतृत्वको चयन हुने मञ्चका अध्यक्ष ताहिर हुसैनले जानकारी दिए ।
२०६२–६३ को आन्दोलन पश्चात् शुरु भएको मधेश आन्दोलनबाट मधेशीको हकहितका लागि मधेशी निजामती कर्मचारी मञ्च गठन भएको हो । महाधिवेशन उद्घाटन गर्दै मधेश प्रदेशका सांसद रामआशिष यादवले मधेश आन्दोलन भएको १८ वर्ष बितिसक्दा पनि मधेशीको समस्या जस्ताको त्यस्तै रहेकाले मधेशी समुदाय एक हुनुपर्ने आवश्यकता रहेको बताए । कार्यक्रममा मञ्चका उपाध्यक्ष लालबाबु यादव, लोकतान्त्रिक समाजवादी पार्टीका जिल्ला अध्यक्ष अजय झालगायतले धारणा राखेका थिए ।

# क्षयरोगमुक्त जनकपुरधाम उपमहानगरपालिका अभियान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगरपालिकामा क्षयरोगमुक्त अभियान शुरु गरिएको छ । क्षयरोगमुक्त जनकपुरधाम उपमहानगरपालिकाका लागि उपमहानगरपालिकाले जोखिम समूह र समुदायमा सक्रिय खोजपड्ताल कार्यक्रम शुक्रबारदेखि शुरु गरेको हो । अभियान थालनी जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर २३ बिन्धीबाट गरिएको जनकपुरधाम उपमहानगरपालिका क्षयरोग कार्यक्रम संयोजक लक्ष्मी साहले बताए । पहिलो दिन ६८ जनाको स्वास्थ्य परीक्षण गरिएको छ । क्षयरोगको उच्च जोखिमको कारण खुला सीमानाका र भारतसँगको नजिकको अवस्था रहेको जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले बताए ।
भारतमा क्षयरोगका बिरामीको संख्या धेरै रहेको र नेपालीको आवतजावत पनि अत्यधिक हुँदा यो रोग नेपालमा सजिलै फैलिन सक्छ । यसकारण, सबैलाई सचेत र सजग हुनुपर्ने आवश्यकता रहेकोमा उनले जोड दिए । अभियानमा, क्षयरोगको अवस्था र न्यूनीकरणका लागि सरकारका प्रयासबारे जानकारी दिइएको जनकपुरधाम उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख विजय साहले बताए ।
साथै, समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ र सञ्चारकर्मीको भूमिका पनि महत्त्वपूर्ण रहेको उनले बताए । अभियानले जनकपुरधाम उपमहानगरपालिकामा क्षयरोगको नियन्त्रण र न्यूनीकरणमा ठूलो सहयोग पुर्याउने अपेक्षा गरिएको छ ।
क्षयरोगमुक्त जनकपुरधाम उपमहानगरपालिकाको लागि उपमहानगरपालिकाले जोखिम समूह र समुदायमा सक्रिय खोजपड्ताल कार्यक्रम शुरु गरी आमनागरिकलाई क्षयरोगबारे जानकारी दिन, जोखिममा रहेका व्यक्तिलाई पहिचान गर्न र उपचारका लागि सही समयमै योजना बनाउनतर्फ अग्रसरता देखाएको छ ।
क्षयरोगका उच्च जोखिममा रहेकाको पहिचान गरेर, समयमै उपचार र परामर्श दिन महत्त्वपूर्ण हुन्छ ।
क्षयरोगको प्रारम्भिक लक्षण पहिचान गर्न र संक्रमण रोकथामका लागि जागरूकता अभियान चलाई लक्षित जोखिम समूहमा सक्रिय रूपमा खोजपड्ताल गरी रोगको प्रारम्भिक लक्षण भएका व्यक्तिलाई चाँडै पत्ता लगाई आवश्यक उपचार दिन आवश्यक रहेकोमा जोड दिइएको छ ।

# महानगरद्वारा संयुक्त इफ्तारी अयोजना



**मधेशदृष्टि**
**वीरगंज ।**
इस्लाम धर्मावलम्बीको पवित्र पर्ब रमजानको रोजा बसेका मुस्लिम धर्मावलम्बीका लागि शुक्रबार साँझ वीरगंज महानगरपालिकाको आयोजनामा संयुक्त इफ्तारी समारोह भएको छ । वीरगंज–१० आदर्शनगरस्थित पुरानो बसपार्कमा आयोजित संयुक्त इफ्तारीमा महानगरका ३२ वटै वडाबाट ३ हजार भन्दा बढी मुस्लिम धर्मावलम्बी सहभमागी भए ।
आपसी भाइचारा अभिबृद्धि हेतु महानगरको आयोजनामा भएको संयुक्त इफ्तारीमा महानगरको ३२ वटै वडाका गरी करिब ३ हजार बढी मुस्लिम धर्मावलम्बीहरु सहभागी भएको मेयर राजेशमान सिंहका जनसम्पर्क सल्लाहकार नवराज फुयाँलले जानकारी दिए । इफ्तारीमा सहभागी मुस्लिम धर्मावलम्बीलाई महानगरपालिकाले विभिन्न परिकारका साथै जलपान गराएको थियो ।
मेयर सिंहले मुस्लिम धर्मावलम्बीलाई रमजान पर्वको शुभकामना आदान प्रदान गरे । मेयर सिंहले आपसी सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न आफू हिन्दू धर्मावलम्बी भए पनि मुस्लिमको मुख्य पर्व रमजानमा इफ्तार आयोजना गरिएको बताए । इफ्तारी समारोहमा महानगरका उपमेयर इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, विभिन्न वडाका वडाध्यक्ष, अन्य धर्मका अगुवा, महानगरपालिकाका कर्मचारीको सहभागिता थियो ।

# हिन्दूराष्ट्रका लागि आन्दोलन गरिने

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल जनता पार्टीले नेपाललाई हिन्दूराष्ट्रका रुपमा स्थापित गर्न राष्ट्रव्यापी आन्दोलनको गर्ने जानकारी दिएको छ । पार्टीका राष्ट्रिय अध्यक्ष त्रिभुवननाथ पाठकले वीरगंजको केन्द्रीय बैठकमा यस्तो बताएका हुन् । अध्यक्ष पाठकले संगठनले हिन्दूराष्ट्रका लागि आवाज उठाउने बताए । पार्टीले हिन्दूराजयको पूर्ण समर्थन गर्ने जनाएको छ । पार्टीका नेता तथा कार्यकर्ता अभियानमा सक्रिय बनाउने बताइएको छ ।



बैठकमा पार्टीका वरिष्ठ नेता तथा वार्ता टोलीका संयोजक सन्तोषानन्दजी महाराजले नेपाल हिन्दू राष्ट्र बनाउनुपर्ने माग सम्पूर्ण नेपाली जनताले गरिरहेको बताए । सन्तोषानन्दजी महाराजले एउटै षड्यन्त्रकारीको प्रभावमा नेपालको हिन्दू राष्ट्र धर्मनिरपेक्ष भएको बताए ।
केन्द्रीय उपाध्यक्ष ओमप्रकाश जायसवालका अनुसार नेपालमा अझै पनि ठूलो मात्रामा धर्म परिवर्तन भइरहेको छ । लव जिहाद र विदेशी गैरसरकारी संस्थाबाट इस्लाम र इसाई धर्म परिवर्तन भइरहेको छ ।
मधेश प्रदेश अध्यक्ष शत्रुघ्न शाहले नेपालमा ठूलो संख्यामा रोहिंग्या र बंग्लादेशी मुस्लिमको घुसपैठ देशका लागि खतरा भएको बताए । बैठकमा संगठनका महासचिव ई. राजिनन्द चौधरी, केन्द्रीय सदस्य प्रह्लाद साह कलवार, अरुण चौधरी, सुरेश साह कानु, विनोद कुर्मी, पारस द्विवेदी, बन्दना पाण्डे, डा मिश्रीलाल मण्डललगायत मधेश प्रदेशका सबै जिल्ला अध्यक्षको सहभागिता थियो ।

# जनमतसँग एकीकरणका लागि नागरिक उन्मुक्तिको बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**
नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय कार्यसमिति बैठक शुक्रबारबाट काठमाडौँमा शुरू भएको छ । डा. सिके राउत नेतृत्वको जनमत पार्टीसँग एकताका लागि औपचारिक निर्णय गर्न नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय कार्यसमिति बैठक बसेको हो ।
दुई दिनसम्म चल्ने बैठकमा पार्टी एकताका विषयमा सदस्यलाई औपचारिक रुपमा जानकारी गराउँदै सुझाव लिइने पार्टी वरिष्ठ उपाध्यक्ष एवम् प्रवक्ता दामोदर पण्डितले जानकारी दिए । बैठकले जनमत पार्टीसँग एकताका लागि औपचारिक निर्णय गर्ने उनले बताए ।
बैठकमा नागरिक उन्मुक्तिका संस्थापक एवम् संरक्षक रेशमलाल चौधरी पनि सहभागी छन् । पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ पनि बैठकमा छिन् । उनीहरूबीच एकतालाई लिएर विवाद थियो । तर, रञ्जिता पनि जनमतसँगको एकताका लागि तयार भएसँगै केन्द्रीय समिति बैठक बसेको हो ।
नागरिक उन्मुक्तिले नयाँ पार्टी अध्यक्षमा डा. सीके राउतलाई नै स्वीकार्दै एकतामा जाने निर्णय गर्न लागेको छ । उता जनमतले भने यसअघि ने नागरिकसँग एकतामा जाने निर्णय गरिसकेको छ । जनमतको प्रभाव मधेश प्रदेशमा बलियो छ भने नागरिकको प्रभाव कैलाली र बर्दिया जिल्लामा बाक्लो छ । केन्द्रीय कार्यसमिति बैठकपछि जनमत पार्टीसँग पार्टी एकता हुने बताइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन